# स्यम्भुनाथ

कपिल अधिकारी

साधना गरि रहेछौ
अथवा
सुदिन र कुदिनको आफ्नै जोखना
हामी भनेदीन गनि रहेछौं
रगत आहलमा देश डुबेको बेला
टुलु टुलु हामी जस्तै हेंरि रहेछौ
शक्ति हीन लाचार भयर
आँखा चिम्लिय कै भरमा
तिमीलाइ बुद्ध भन्यौं कि
एकादेशको कथा को कुरा नगर
शान्ति धर्म को कुरा नगर
यी दन्ते कथा हुन
युद्ध बिर का
रगत उम्लि रहेको बेला
के धर्म के शान्ति के बुद्ध
हेलिकपप्टर बाट शान्ति बम बरसी रहेछ
खेत बारी मा बम र बारूद जन्मी रहेछ
धर्म गुरुहरू कौठामा म्यारिज खेलि रहेछन
कोहिछैन यो माहाभारत रोकने
नदी रातो
हिमाल रातो
धर्ति रातो
सबै रातै रातो
अझै आँखा चिम्लिनछन सबै
कहिले होला माहाभारत अन्त्य
कहिले होला रगत होलि अन्त्य
कसै लाइ परबाह छैन
तिमी त आँखा चिम्लियका छौ

अझै के भन्छौ बुद्धको देश
अझै के भन्छौ शान्तिको देश
यो अनाथदेश
*पग्लियर* अब
*मान चित्र मा बिलिन*
*हुन मात्र बाँकि छ*

*Taipei,Taiwan*
*Jan 25,2004*